हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक २०८ | बुटवल | २०८१ साउन १०, गते बिहीबार | नेपाल संवत ११४४ | Thursday July 25, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

**लुम्बिनी प्रदेशसभाको १५ महिना**

# एउटा मात्रै कानुन, सांसदलाई ३२ लाख भत्ता

**कानुन निर्माणको विषयमा जनताको हितभन्दा दलगत स्वार्थ, जनप्रतिनिधिको सेवा सुविधा बढाउने, फजूल खर्च गर्नेजस्ता विषयका विधेयकमा सत्ता पक्ष र प्रतिपक्ष एकजुट हुने गरेका छन् ।**

**टिआर शर्मा**

*बुटवल*

संघीय होस् वा प्रदेशका दुबै संसदलाई कानुन बनाउने थलोका रूपमा लिइन्छ । दुबै संसदको प्रमुख काम पुराना कानुनको सट्टा समयसापेक्ष कानुनहरू बनाएर सरकार-प्रशासन सञ्चालन सहज, छिटोछरितो बनाइ नागरिकलाई राहत अनि सुशासनको प्रत्याभूति दिने हो ।

तर, लुम्बिनी प्रदेशसभाको दोस्रो कार्यकालको १५ महिनाको अवधिलाई हेर्दा सांसदहरू कानुन बनाउनभन्दा सरकार फेरबदलमै केन्द्रित भएकाले कानुन निर्माणको पक्ष निराशाजनक भएको देखिन्छ । २०७९ मंसिर ४ को प्रदेशसभाको दोस्रो चुनावयता २०८१ असार १ गतेसम्म प्रदेशसभाका ५१ वटा बैठक बसे । तर, अधिकांश वैठक सरकारबाट विधेयकको बिजनेस पाएर नभइ सरकार बनाउन र फेरबदल गर्न, सरकारको वार्षिक नीति तथा कार्यक्रम र बजेटका लागि मात्रै बसेका छन् ।

यो अवधिमा बसेका बैठकबाट जम्मा ४ वटा विधेयक पारित भएका छन् । तीमध्ये नागरिकसँग प्रत्यक्ष सम्बन्धित कानुन एउटा पनि बनेको छैन । बनेको एउटा कानुन पनि कर्मचारीसँग सम्बन्धित छ । त्यो हो- प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक । यो विधेयक मुख्यमन्त्री डिल्लीबहादुर चौधरीको पालामा गृहमन्त्री सन्तोष पाण्डेबाट पेश भएको हो ।

२०७९ चैत १५ गते पेश भएको स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति ऐन, २०७६ लाई संशोधन गर्न (अध्यादेशलाई प्रतिस्थापन गर्न ) बनेको विधेयक पनि पारित भएको छ । सुरुमा प्रदेशसभा सचिवालयबाट फिर्ता भएको सो विधेयक पछि २०७९ चैत २३ गते पुनः पेश भई २०८० साउन १२ गते प्रदेश सभाबाट पारित भएको थियो । मुख्यमन्त्री लिला गिरीको पालामा स्वास्थ्यमन्त्री विष्णु पन्थीबाट यो विधेयक पेश भएको थियो । यो ऐनलाई संशोधन गरिएको मात्र हो । पहिलो प्रदेशसभाको कार्यकालमै तत्कालीन सामाजिक विकास मन्त्री सुदर्शन बरालले पेश गरेको विधेयक २०७६ बैशाख ८ गते पारित र सोही वर्षको जेठ १४ गते प्रमाणिकरण भएको थियो । पारित भएका बाँकी २ वटा विधेयक सरकारको बजेट खर्चसँग सम्बन्धित नियमित विधेयक हुन् ।

तीन महिना केही दिन सरकारको नेतृत्व गर्न पाएका माओवादी केन्द्रका नेता मुख्यमन्त्री जोखबहादुर महराको कार्यकालमा उनैले पेश गरेको स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक प्रदेश मामिला समितिमा विचाराधीन छ ।

मुख्यमन्त्री लिला गिरीको पालामा उद्योगमन्त्री जानकीप्रसाद यादवले पेश गरेको औद्योगिक व्यवसायसम्बन्धी प्रचलित प्रदेश कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७९ प्रदेशसभाको अर्थ समितिमा विचाराधीन छ । यस्तै, तत्कालीन मुख्यमन्त्री लिला गिरीले पेश गरेको लुम्बिनी प्रशिक्षण प्रतिष्ठानको स्थापना, सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७९ प्रदेश सभाबाट फिर्ता भएको छ ।




| क्र.सं. | विधेयकको नाम | प्रमाणिकरण मिति | कैफियत |
|---|---|---|---|
| १ | स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नती ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक (अध्यादेशलाई प्रतिस्थापन गर्न बनेको विधेयक) | | सचिवालय तर्फबाट |
| २ | लुम्बिनी प्रशिक्षण प्रतिष्ठानको स्थापना, सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७९ | | सभाबाट फिर्ता |
| ३ | स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक | २०८०-४-१५ | |
| ४ | औद्योगिक व्यवसायसम्बन्धी प्रचलित प्रदेश कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७९ | २०८०-०३-२२ | अर्थ समितिमा विचाराधीन |
| ५ | प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक | २०८०-३-२८ | |
| ६ | आर्थिक वर्ष २०८०/८१ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८०-३-२८ | |
| ७ | प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक | २०८०-८-२१ | |
| ८ | स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक | | प्रदेश मामिला समितिमा विचाराधीन |

**सांसदले बुझे ३२ लाख ४० हजार भत्ता**

१५ महिनाको यो अवधिमा सभामुखसहित १० दलका ८७ जना सांसदले बैठक भत्तावापत मात्रै ३२ लाख ४२ हजार रुपैयाँ बुझेका छन् । केही सांसदहरूले सबैभन्दा बढी ५१ हजारसम्म बैठक भत्ता बुझेका छन् भने नागरिक उन्मुक्ति पार्टीका धर्मबहादुर चौधरीले सबैभन्दा कम १० हजार रुपैयाँ मात्र बुझेका छन् । प्रदेशसभा सदस्यले एउटा बैठकको भत्ता एक हजार लिने गरेका छन् । योसँगै सांसदहरूले विभिन्न १३ शिर्षकमा सुविधा लिने गर्छन् ।

सांसदहरूले बैठक भत्तावापत लिएको रकमको तुलनामा कानुन निर्माणको काम ज्यादै कम हो । प्रदेश सांसदहरू जनताको हितमा कानुन बनाउनभन्दा सरकार फेरबदल गर्न र आफ्नो हितमा ऐन संशोधन गरेर सुविधा भोगमा व्यस्त छन् । प्रदेशसभा सचिवालयको तथ्यांकअनुसार प्रदेशसभा सदस्यहरूको सेवा सुविधासम्बन्धी २०७५ मा बनेको ऐन पटक-पटक संशोधन भएको छ । प्रदेशसभा सांसदहरूले विभिन्न १३ शीर्षकमा सुविधा लिँदै आएका छन् । कानुन बनाउनुको साटो सुविधामाथि सुविधा लिने सांसद र कर्मचारीका कारण प्रदेशप्रति जनताको आक्रोश र वितृष्णा बढेको कानुनका ज्ञाता अधिवक्ता महेन्द्र पाण्डेय बताउँछन् । 'प्रदेशसभा बैठक बस्नुको अर्थ सरकारले संसदलाई बिजनेश (विधेयक) दिएको हुनुपर्छ, तर त्यस्तो देखिएको छैन', पाण्डेय भन्छन्-'बैठक भत्तामा मात्रै नागरिकले खाइ नखाइ तिरेको झण्डै साढे ३२ लाख खर्च भएको छ, तर जम्मा एउटा कानुन बनेको छ, यो त कुनै उपलब्धि होइन, आश्चर्यको विषय हो ।' प्रदेशसभाका विषयगत समितिहरूमा विधेयकका बुँदा-बुँदामा गहन छलफल हुनुपर्ने र विज्ञहरूबाट विधेयकमाथि राय सुझाव लिनुपर्नेमा त्यो पनि हुन नसकेको पाण्डेले बताए ।

'कानुन नागरिकका लागि बनाइने भएकाले नागरिक समाज र विषयविज्ञसँग छलफल हुनुपर्ने हो', अधिवक्ता पाण्डे भन्छन्-'तर प्रदेश सभाका विषयगत समितिले विधेयकका विषयमा सरोकारवालासँग अपवादबाहेक कहिल्यै छलफल गरेका छैनन् ।' विषयगत समिति र नागरिक समाजको सहभागिताविना कानुनलाई नागरिकले अपनत्व नलिने हुँदा प्रदेश सांसदहरूले कानुन निर्माण प्रक्रियामा सरोकारवाला पक्षको सहभागितामा अर्थपूर्ण छलफल गरी संवेदनशील बन्नुपर्ने अधिवक्ता पाण्डेको सुझाव छ ।

**अस्थिरता कानुन निर्माणमा बाधक**

राजनैतिक अस्थिरताले गर्दा संघीयता कार्यान्वयनका लागि बन्नुपर्ने महत्वपूर्ण कानुनहरू लुम्बिनी प्रदेशसभाले बनाउन नसकेको कानुनका अध्यापक युवराज कंडेल बताउँछन् । 'संघीयताको मर्म र भावनाअनुसार राम्रा कानुन बनाएर सर्वसाधारण नागरिक, युवा, उद्योगी व्यवसायीलाई प्रदेशप्रति आशा जगाउनेतिर सांसदहरूको ध्यान जानुपर्ने हो, तर पटक्कै त्यस्तो छैन', कंडेल भन्छन्-'अपवादबाहेक अधिकांश सांसदको ध्यान कसरी आफ्नो दलको सरकार बनाउने, मन्त्री बन्ने भन्ने मात्र छ ।

» बाँकी ३ पेजमा

## गिरीद्वारा संसदीय दल नेताबाट राजीनामा



बुटवल । नेकपा एमाले लुम्बिनी संसदीय दलका नेता लिला गिरीले दल नेताबाट राजीनामा दिएका छन् । दलका उपनेता चेतनारायण आचार्यलाई पार्टी नेतृत्वले मुख्यमन्त्री बनाएपछि गिरी असन्तुष्ट भएका थिए । गिरीले सोमबार नै पार्टी अध्यक्ष केपी शर्मा ओलीलाई राजीनामा पठाएको बताए ।

'मैले अध्यक्षलाई राजीनामा पठाइसकेको छु, अध्यक्षले स्वीकृत गरेको मलाई जानकारी आएको छैन ।'-गिरीले भने । मुख्यमन्त्री नियुक्तिका सन्दर्भमा सोमबार बिहान मुख्यमन्त्रीमा दाबी पेश गर्न जान आफ्नो नाममा पत्र तयार हुँदै गर्दा महासचिव शंकर पोखरेलले प्रदेश अध्यक्ष राधाकृष्ण कंडेललाई फोन गर्दै गिरीको साटो आचार्यलाई मुख्यमन्त्री बनाउने निर्णय भएको जानकारी गराएपछि गिरीले आफूमाथि अन्याय र घात भएको भन्दै तत्कालै अध्यक्ष ओलीलाई फोन गरेर गुनासो गरेका थिए । तर ओलीले 'यसपालीलाई यस्तै भयो' भनेका थिए ।

अध्यक्ष ओलीको उत्तरबाट सन्तुष्ट नभएका गिरीले सोही दिन राजीनामा दिए पनि मुख्यमन्त्री आचार्यको शपथसम्म रोकिएर बुधबार मात्र राजीनामा दिएको विषयमा मुख खोलेका हुन् ।

पार्टीको औपचारिक निर्णय विना कुनै शीर्ष नेताले अन्तिम समयमा दल नेताको साटो उपनेतालाई मुख्यमन्त्री बनाउँदा इमान्दार नेता कार्यकर्तामाथि अन्याय भएकाले यस्ता प्रवृत्तिविरुद्ध र विधि प्रकृयाका लागि पार्टीभित्र आवाज उठाइरहने गिरीले बताए । गिरी पोलिटब्युरो सदस्य हुन् भने मुख्यमन्त्री आचार्य केन्द्रीय सदस्य हुन् ।

## लुम्बिनीमा मुख्यमन्त्रीसहित ९ मन्त्रीको शपथ





बुटवल । लुम्बिनीमा ९ सदस्यीय मन्त्रिपरिषद् गठन भएको छ । नवनियुक्त मुख्यमन्त्री र मन्त्रीहरुले प्रदेश प्रमुखको कार्यालय बुटवलमा शपथ ग्रहण गरेका छन् । मुख्यमन्त्री चेतनारायण आचार्यले एमाले र कांग्रेसका चार/चार जना मन्त्रीहरुलाई नियुक्त गरी मन्त्रिपरिषद् गठन गरेका हुन् । मन्त्रीहरुको जिम्मेवारी तोकिएको छैन । साना दलहरुलाई पनि २ मन्त्रालय दिएर समेट्ने प्रयास भइरहेकाले केही दिनपछि मात्र जिम्मेवारी तोकिने मुख्यमन्त्री निकट श्रोतले बताएको छ । नेकपा एमालेबाट भूमिश्वर ढकाल, दिनेश पन्थी, खेमबहादुर सारु मगर र सीता शर्मा चौधरीले मन्त्रीको शपथ ग्रहण गरेका छन् ।

यसैगरी नेपाली कांग्रेसबाट गुल्मीका धनेन्द्र कार्की, प्यूठानका सरोज थापा (रोज राणा), दाङका प्रचण्डविक्रम न्यौपाने र बाँकेका बादशाह कुर्मीले मन्त्री पदको शपथ ग्रहण गरेका छन् । कांग्रेसबाट प्रमुख सचेतक जन्मजय तिमिल्सेनाको नेतृत्वमा सरकारमा जाने तयारी भए पनि अन्तिममा उनी मन्त्री भएनन् । मन्त्री चयनप्रति कांग्रेसभित्रको असन्तुष्टी सतहमा आएको छ ।

प्रदेश सभापति अमरसिंह पुनले प्रदेश समितिसँग सल्लाह छलफल नै नगरी संस्थापन पक्षले एकलौटी मन्त्रीहरु चयन गरेको भन्दै प्रदेशको औचित्य नभएकाले खारेज गर्नुपर्ने बताए ।

सचेतक निमा गिरीले कांग्रेसबाट मन्त्रिमण्डल महिलाविहीन भएको भन्दै असन्तुष्टी जनाइन् । आधा बढी जनसंख्या भएको महिला वर्गलाई पार्टीले मन्त्री छनोटमा उपेक्षा गरेको उनको गुनासो छ ।

शिक्षक आवश्यकता

*विज्ञापन नं. ०१ (०८१/०८२)*
*प्रथम पटक प्रकाशित मितिः २०८१/०४/०९*

**यस क्याम्पसको क्याम्पस सेवा आयोगको मिति २०८१/०४/०८ गतेको निर्णय अनुसार तपसिलका संकाय, पद र पद संख्यामा पदपूर्ती गर्नुपर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिन्छ ।**

तपसिल

| संकाय | पद | न्यूनतम शैक्षिक योग्यता | संख्या |
|---|---|---|---|
| व्यवस्थापन | Full-Time Coordinator (MBS- Morning Shift, BBA- Day Shift) | Master Degree in Management (Second Division) | १ |

**प्राथमिकता** : माथिल्लो योग्यता र अनुभव
**अतिरिक्त योग्यता** : अंग्रेजी भाषा र कम्प्युटर सीप ।
**उमेर** : विज्ञापनको अन्तिम मिति सम्म ४० वर्ष ननाघेको ।
**सेवा सुविधा** : आकर्षक तलब र भत्ता (आपसी समझदारीमा) ।
**छनौट प्रकिया** : कक्षा अवलोकन, संक्षिप्त कार्ययोजना प्रस्तुति र अन्तर्वार्ता ।
**दरखास्त दस्तुर** : रु १,०००। (रु. एक हजार मात्र )
**दरखास्त दिने अन्तिम मिति** : २०८१/०४/२३ गते बिहान १२ बजे सम्म ।
**सम्पर्क मिति र समय** : २०८१/०४/२४ बिहान १२ बजे सम्म ।

थप जानकारीको लागि
महाकवि देवकोटा क्याम्पस
क्याम्पस सेवा आयोग
सुनवल, नवलपरासी, नेपाल
फोनः ०७८-५७००४९, ९८५७०४६०४९
इमलेः mdcampus60@gmail.com,info@mdc.edu.np वेभसाइटः www.mdc.edu.np

# सम्पादकीय

## प्रदेश सरकारप्रति अपेक्षा

लुम्बिनी प्रदेशको मुख्यमन्त्रीमा नियुक्त एमाले संसदीय दलका उपनेता चेतनारायण आचार्यले सपथ लिएर कार्यभार सम्हालेका छन् । उनीसँगै एमाले-कांग्रेसका चार-चार मन्त्रीले पनि सपथ लिए । कांग्रेस-एमाले गठबन्धनबाटै बहुमत पुगेपछि सरकार गठनका लागि साना दलको बार्गेनिङ गर्ने बाटो बन्द भएको छ । मुख्य दुई दल मिल्दा राजनैतिक स्थायित्व हुने आशा पलाएको छ ।

प्रदेश सरकारको दोस्रो कार्यकालको दुई वर्ष चल्दै गर्दा चार जना मुख्यमन्त्री भइसकेका छन् । छिटो–छिटो सरकार फेरिने प्रवृत्तिले प्रदेश संरचनाप्रति वितृष्णा जागेको छ । कांग्रेस-एमालेबीच बाँकी अवधि आधा-आधा समय सरकार चलाउने सहमति भएकाले सहमति कार्यान्वयन गर्दै सरकारको कामलाई नतिजामुखी बनाउन प्राथमिकता दिनुपर्छ । बजेट खर्च नहुने प्रवृत्ति मौलाएकोले यो सरकारको पहिलो प्राथमिकता पुँजीगत खर्च बढाउन योजना बनाएर अघि बढ्नुपर्छ । त्यसैगरी, संघीयता कार्यान्वयनसँग सम्बन्धित महत्वपूर्ण कानुन नबन्दा प्रदेशमा दरबन्दीअनुसार कर्मचारी पूर्ति हुन सकेको छैन । दरबन्दीअनुसार कर्मचारीको अभावमा प्रदेशले नतिजा दिन सकेको छैन । संघीयता कार्यान्वयनका लागि संघीय सरकारले बनाउनुपर्ने कानुन बनाउन प्रदेश सरकारहरुले दबाब श्रृजना गर्न सक्छन् । संघीयता कार्यान्वयनका लागि बन्नुपर्ने कानुन बन्दा संविधानको पनि कार्यान्वयन हुने भएकाले प्रधानमन्त्री नै यस बारेमा गम्भीर रहेका छन् । प्रदेश संरचना विफल भए संविधान असफल हुने र व्यवस्थाप्रति नै प्रश्न उठ्ने भएकाले पनि व्यवस्था र संविधान जोगाउन सबै जिम्मेवार भएर अघि बढ्नुको विकल्प छैन ।

प्रदेश सरकारको आफ्नै आम्दानी पर्याप्त छैन । संघीय सरकारको अनुदानका भरमा चलेको सरकारलाई मितव्ययी ढंगले चलाउन सक्दा नै नतिजामुखी काम देखिनसक्छ । संस्थापक मुख्यमन्त्री शंकर पोखरेलले पहिले ६ वटा र पछि ९ वटा मन्त्रालयबाट काम चलाएका थिए । पछि कुलप्रसाद केसी मुख्यमन्त्री हुँदा मन्त्रालयको संख्या १३ पुग्यो । राज्यमन्त्रीसहित १७ सदस्यीय मन्त्रिमण्डल गठन भयो । पछि लिला गिरी मुख्यमन्त्री हुँदा मन्त्रालयको संख्या घटाएर १० बनाइयो । मन्त्रालय बढाएर भागबण्डा पुऱ्याउने र खर्च बढाउने काम गलत छ । मुख्य दुई दल मिलेकाले मन्त्रालयको संख्या घट्ने अपेक्षा थियो, तर घटाइएन् । अब प्राथमिकता निर्धारण गरेर जनअपेक्षा पूरा गर्न प्राथमिकता दिनुपर्छ ।

एमाले-कांग्रेसभित्रको अन्तरविरोध व्यवस्थापनले पनि सरकारको काम प्रभावकारी बनाउन बल पुऱ्याउँछ । तसर्थ, आन्तरिक मतभेद र विवादलाई साम्य पारेर सरकारको कामलाई प्रभावकारी बनाउँदा समाजमा बढ्दो निराशा चिर्न सकिन्छ । ठूला दल मिल्दा समेत केही हुन सकेन भन्ने टिप्पणी हुने अवस्था आयो भने त्यसको असर गम्भीर पर्ने भएकाले बेलैमा हेक्का राख्नुपर्छ ।

# फाइल खोल्ने प्रतिस्पर्धामा सामर्थ्यको प्रश्न



बालकृष्ण मैनाली

*नेपाली राजनीतिले यहाँसम्म फड्को मारेर आइपुगेको अवस्थामा पनि देशको कुनै दलको सरकारले आफ्नो राजनीतिक र आन्तरिक द्वन्द्व जे भए पनि यी मामिलामा दृढतापूर्वक जुध्न सक्नुपर्दथ्यो । प्रत्येक देशको नागरिकले यति न्यून अपेक्षा गर्नु कुनै ठूलो अपेक्षा हुँदै होइन । जब खारिएका नेताहरुले नै चाटुककार र बिचौलियाहरुका अपेक्षालाई सामान्य जनताको अपेक्षा ठान्ने गरेका कारण कुनै पनि दलको सरकारले गति लिनै सक्दैन । सरकार गठन हुन नपाई सरकारमाथिको विश्वास पटक–पटक जनस्तरबाट खस्किनु भनेको यस्तै–यस्तै कारणले हो । यस्ता कुरा जतिपटक उठाउँदा पनि कुनै दलका नेतृत्वले बुझ्नै चाहेका छैनन् वा बुझ्रेर पनि बुझ पचाइरहेका छन् । जनताबाट विश्वास खस्किन थाल्नु भनेको सरकार मात्र असफल हुने होइन, जुन दलको हैसियत बोकेर सरकारमा प्रतिनिधित्व गरेको हो सो दलको हैसियत पनि खस्किनु हो । एमाले, माओवादी, जसपा, कांग्रेस वा अन्य नयाँ दल र अब थपिएका स्वतन्त्र नै किन नहुन्, जनताको मत र विश्वासलाई धोका दिनेबित्तिकै जनताले अन्य विकल्पको बारेमा सोंच्न बाध्य भइहाल्छन्, जुन अनुचित पनि होइन ।*

धेरै वर्षदेखि उपचारविहीन राजनीतिका कारण दुःखमा पीडित बनिरहेका जनजनमाथि पुनः यो वा त्यो नामको राजनीतिक दुष्कृति र पीडाहरुले थप घर गर्दै लगिरहेकोमा कतै विमति छैन । देशलाई धेरै वर्षदेखि जटिल खालका राजनीतक रोगहरुले आक्रमण गर्दै आइरहेको कुरामा जनजन अनभिज्ञ छैनन् ।

यस परिवेशमा हाम्रो देशले कहिले काँचुली फेर्ने हो ? यसको कुनै टुंगो छैन । स्थानीय निर्वाचन र संघीय निर्वाचन सफल भए तापनि यसले देशमा रहेको बेथितिलाई टुंग्याउने जमर्को गर्न सकेको छैन । निर्वाचन अवधिमा भएका र गरिएका प्रचारप्रसारलाई हेर्दा र अनुभूति गर्दा प्रत्येक उम्मेदवारहरुका भनाइ कसैको भन्दा कसैको पनि कम थिएन । स्थानीय निर्वाचनमा बालेन, गोपी र हर्षसम्मका चर्चाहरु व्यापकरुपमा चुलिएका थिए भने संघमा रवि लामिछाने र तिनको राष्ट्रिय स्वतन्त्र पार्टीको चर्चा पनि व्यापकरुपमा चुलिएको थियो । विडम्बना, निर्वाचनताका चुलिएको चर्चा र निर्वाचनपश्चात् विजयी हुन पुगेका तिनै उम्मेदवारहरुको चर्चामा अहिले व्यापक फरकपनबाट चर्चाहरु चल्न थालेका छन् । त्यो बेला चुलिएका चर्चाहरु वर्तमानमा आएर नकारात्मक आलोचनामार्फत् टीकाटिप्पणी हुन थालेका छन् ।

पछिल्लोपटक भएको सबै तहको निर्वाचनमा एउटा महत्वपूर्ण विशेषता के रहन पुग्यो भने, आम मतदाताले उत्साहका साथ निर्वाचनमा भाग लिएर आफ्नो मताधिकार प्रयोग गर्दा आफूले मन पराएका दलहरुका प्रतिनिधिहरुलाई मात्र छनौट गरेनन्, दलहरुका क्रियाकलापले वाक्कदिक्क भएका कारण एकातिर सामान्यरुपमा आफूसँग दैनिकरुपमा भिजेका सक्षम, योग्य र इमानदार छवि बनाएका केही स्वतन्त्र उम्मेदवारहरुलाई पनि आफ्नो मतमार्फत् महानगपालिका प्रमुख, उपप्रमुख, नगरपालिका प्रमुख, उपप्रमुखलगायत वडाध्यक्ष र सदस्यहरुमा छनौट गरेर जिम्मेवारी सुम्पेको अनुभूति भएको थियो ।

अर्कोतिर संघीय र प्रदेश तहको निर्वाचनमा प्रदेश तह खारेज गरौँ भन्दै माग राख्ने व्यक्तिहरु पनि छानिएर प्रदेश खारेजीको माग प्रदेश संसद्को बैठकमा उठाउने र प्रस्तावसमेत गर्ने उद्देश्यसहित निर्वाचित भएका थिए । निर्वाचनको यो सुखद पक्ष थियो । जुन निकाय जनजनलाई आवश्यक छैन भन्ने कुरा उठिरहेको छ, त्यही निकायमा चुनिएर, चुनिएकै निकायको विघटनको लागि चुनिएकै निकायमा मत वा प्रस्ताव राख्न पाउने अवस्था सिर्जना हुन जानु भनेको संवैधानिक विशेषता थियो ।

बदलिँदो परिस्थितिमा योग्य र सक्षम व्यक्ति चाहे त्यो स्वतन्त्रबाट विजयी भएको होस् वा दलको प्रतिनिधिबाट, तिनीहरुबाट हुने प्रत्येक जनहितका कामहरुलाई साथ र सहयोग गर्न हिचकिचाउनुहुन्न र साथसाथै निर्वाचित भएपछि पनि जो जनहितविरोधी कार्यतिर अग्रसर हुन खोज्छ, त्यसलाई समयमै कानुनी कठघरामा उभ्याउन पनि प्रत्येक मतदाता र जनजनको कर्तव्य हुनेछ । राजनीतिक दृष्टिकोण, सिद्धान्त, व्यवहार र अपनाइने रणनीतिहरु दल र सरकारपिच्छे फरक-फरक हुन सक्ला । रोजगारी, शिक्षा, स्वास्थ्य, बाटोघाटो आदिलाई पहिलो प्राथमिकतामा राख्नु प्रत्येक सरकारको कर्तव्य र दायित्व हो ।

नेपाली राजनीतिले याहाँसम्म फड्को मारेर आइपुगेको अवस्थामा पनि देशको सरकारले आफ्नो राजनीतिक र आन्तरिक द्वन्द्व जे भए पनि यी मामिलामा दृढतापूर्वक जुध्न सक्नुपर्दथ्यो। प्रत्येक जनले यति न्यून अपेक्षा गर्नु कुनै ठूलो अपेक्षा होइन । बिर्सेर पनि चाटुककार र बिचौलियाहरुका अपेक्षालाई सामान्य जनताको अपेक्षा ठानी कार्य हुन गएमा छोटै अवधिमा सरकारमाथिको विश्वास जनस्तरबाट खस्किन थाल्छ भन्ने कुरा प्रत्येक नेतृत्वले नबुझ्रेको होइन । यसैको परिणति हो आजको अवस्था । जनताबाट विश्वास खस्किन थाल्नु भनेको सरकार मात्र असफल हुने होइन, जुन दलको हैसियत बोकेर सरकारमा प्रतिनिधित्व गरेको हो सो दलको हैसियत पनि खस्किनु हो । नेकपा होस् वा एमाले, माओवादी होस् वा जसपा, कंग्रेस होस् वा अन्य नयाँ दल नै किन नहोस्, जनताको मतलाई धोका दिनेबित्तिकै पुग्ने बाटो यही नै हो ।

वास्तवमा निर्वाचन एउटा यस्तो प्रक्रिया हो, जसले सकेसम्म क्षमता र योग्य व्यक्तिलाई आफ्नो प्रतिनिधि छनौट गर्ने अवसर मतदातालाई प्रदान गरेको हुन्छ । त्योभन्दा बेसी अरु केही होइन । यदाकदा आफूले गलत व्यक्ति छनौट गरेकोमा नेपाली मतदाताहरु आफू यो मामिलामा चुकेको अनुभूति भएको कुरा अभिव्यक्त गर्ने गर्दछन् । यस किसिमको सोच मतदाताहरुमा पलाउनु भनेको भविष्यमा हुने निर्वाचनको लागि सशक्त मतदाताको रुपमा तयार रहेको सन्देश दिन्छ भने अब त्यस्ता मतदाताहरु एक बोतल बियर र दुई टुक्रा मासुमा पक्कै लोभिने छैनन् भन्ने संकेत पनि हो । आगामी ८४ को निर्वाचनमा थुप्रै मतदाताले यो कुरालाई आत्मसात् गर्नेछन् ।

निर्वाचनपश्चात् एक-अर्काको सहयोगविना न त कसैले सेवा सहज बनाउन सक्छ, न ग्रहण गर्न सक्छ । सेवा प्रवाह र सेवा उपभोक्ताबीचको समिश्रणले सरकार र नागरिकको सम्बन्ध थप उचाइमा पुग्न जान्छ । छनौट हुन पुगेका जनप्रतिनिधि र दलहरुले जनता र देशमा देखा परेका समस्याको समाधानको लागि कसरी सम्बोधन गर्छन् भन्ने विषय महत्वपूर्ण हो । तथापि यो लयमा देश अघि बढ्न खोजेको प्रतीत हुँदैन । अब लोकतन्त्रमाथि कुठाराघात वा लोकतन्त्रविरोधी कार्य हुन लागेमा खबरदारी गर्नु आफ्नो कर्तव्यभित्र परिसकेको छ भन्ने कुरा प्रत्येक मतदाताले पनि स्मरण गर्नु र सोहीअनुसार आवश्यक कदम चाल्न आवश्यक भइसकेको छ । निर्वाचित उम्मेदवारहरुले सही सम्बोधन गर्न नसकेको अवस्थामा पनि मतदाताले आँखामा पट्टी बाँधेर मौन बस्ने हो भने बेथिति कायम राख्ने सवालमा दलीय नेतृत्वहरुको मनोबलमा थप वृद्धि हुन जान्छ ।

निर्वाचनपश्चात् समय-समयमा गठन भएका सरकारभित्र गुट-उपगुटको चलखेल अनि भाग तानातानको माहोलले दर्गा बलियो सरकारको परिकल्पनाले मूर्तरुप लिनै सकेन । अहिले भर्खरै दुई ठूला दलको मिलेमतोको सरकारले कस्तो किसिमको सम्बोधन गर्ला ? केही दिनपछि जनजनले जानकारी पाउने नै छन् । वर्तमानमा देखिएको कथित एकता कुनै पनि बेला स्वार्थ बाझिनासाथ टुट्न सक्ने अवस्थामा पुगेको जानकारहरु बताउँछन् । तथापि यो भनाइलाई मिलेका दुई दलले मिथ्या साबित गर्न सके भने उनीहरुले गर्ने राजनीति सुधारोन्मुखतिर अग्रसर भएको जनजनले मान्नेछन्, अन्यथा जो जुन दलको मन्त्री वा प्रधानमन्त्री भए पनि कागलाई बेल पाक्यो हर्ष न बिस्मातको उखान चरितार्थ हुनुबाहेक अन्य विकल्प तत्काल देखिँदैन ।

भ्रष्टाचारले नगाँजेको र नछोएको क्षेत्र कतै छैन । पलपलमा भ्रष्टाचाररुपी राक्षसले जनताको निद्रा खाएको छ । नीतिगत भ्रष्टाचारको झन् कहाली लाग्दो रुप बाहिर आएको छ । यसबारेमा कति स्थानीयलाई त थाहा नै हुँदैन । देशमा भएका प्रचलित कानुनहरु कानुन विपरीत कार्य गर्नेहरुलाई दण्डित गर्न बनेका त हुन् । तर विडम्बना, दण्डित गर्न बनेका कानुनहरुकै छिद्रमा टेकेर प्रत्यक्ष र नीतिगत भ्रष्टाचारमा चुर्लुम्मसँग देशलाई डुबाइएको छ । जसलाई सम्बोधन गर्न ज्यादै ढिला भइसकेको छ । पछिल्लोपटक खबरबजारमा आइरहेको भ्रष्टाचारविरुद्धको कार्बाही सम्बन्धको खबरले वर्तमानमा अख्तियार अलि गर्माएको हो कि भन्ने महसुस गराएको भए तापनि अख्तियारले जुन रुपको उचाइ लिनुपर्ने हो, त्यो लिन सकेको छैन । के कुरा साँचो हो भने, राजनीतिक दृष्टिकोण, सिद्धान्त, व्यवहार र अपनाइने रणनीतिहरु दल र सरकारपिच्छे फरक-फरक हुन सक्लान् । यो कुरामा जनजन प्रस्ट छन् । राजनीतिक दलहरुबीच यी कुराहरुमा जे-जस्तो फरक भए पनि रोजगारी, शिक्षा, स्वास्थ्य, बाटोघाटो आदिलाई पहिलो प्राथमिकतामा राख्नु प्रत्येक सरकारको कर्तव्य र दायित्व हो ।

नेपाली राजनीतिले यहाँसम्म फड्को मारेर आइपुगेको अवस्थामा पनि देशको कुनै दलको सरकारले आफ्नो राजनीतिक र आन्तरिक द्वन्द्व जे भए पनि यी मामिलामा दृढतापूर्वक जुध्न सक्नुपर्दथ्यो । प्रत्येक देशको नागरिकले यति न्यून अपेक्षा गर्नु कुनै ठूलो अपेक्षा हुँदै होइन । जब खारिएका नेताहरुले नै चाटुककार र बिचौलियाहरुका अपेक्षालाई सामान्य जनताको अपेक्षा ठान्ने गरेका कारण कुनै पनि दलको सरकारले गति लिनै सक्दैन । सरकार गठन हुन नपाई सरकारमाथिको विश्वास पटक-पटक जनस्तरबाट खस्किनु भनेको यस्तै-यस्तै कारणले हो । यस्ता कुरा जतिपटक उठाउँदा पनि कुनै दलका नेतृत्वले बुझ्नै चाहेका छैनन् वा बुझ्रेर पनि बुझ पचाइरहेका छन् । जनताबाट विश्वास खस्किन थाल्नु भनेको सरकार मात्र असफल हुने होइन, जुन दलको हैसियत बोकेर सरकारमा प्रतिनिधित्व गरेको हो सो दलको हैसियत पनि खस्किनु हो । एमाले, माओवादी, जसपा, कांग्रेस वा अन्य नयाँ दल र अब थपिएका स्वतन्त्र नै किन नहुन्, जनताको मत र विश्वासलाई धोका दिनेबित्तिकै जनताले अन्य विकल्पको बारेमा सोच्न बाध्य भइहाल्छन्, जुन अनुचित पनि होइन । पछिल्लोपटक ढिलै भए पनि भ्रष्टाचारका फाइल खोल्ने कुरालाई बडो जोडतोडले उठाइएको छ । केही खुलेका र केही खुल्ने क्रममा रहेको दाबी पूर्ववर्ती सरकारका केही सदस्यले गरेकै हुन् । त्यो कुरालाई होइन नै भन्न सक्ने अवस्थामा जनजन छैनन् । केही भ्रष्टाचारका फाइल खोलिएको र केही खुल्ने क्रममा रहेको कारण आफ्नो सरकार ढालिएको दाबी भर्खरै प्रधानमन्त्री पदबाट हटेका प्रचण्डको रहेको छ । संसदमै उनले अगाडि गाला मुसारेर, पछाडिबाट मुक्का हानेर सरकार ढालेको भन्दै वर्तमान प्रधानमन्त्री केपी ओलीलाई आरोप लगाएका छन् ।

ओलीबाट त्यो आरोपको प्रतिवाद यो आलेख तयार पार्दासम्म भएको छैन । चतुर राजनीतिक खेलाडी ओलीले पक्कै त्यो आरोपलाई मिथ्या साबित गर्ने प्रयास गर्नेछन् । यी सबै प्रदेओहरुका समय-समयमा खेलिने, बोलिने र फ्याँकिने राजनीतिक गोटीहरु हुन् । सरकार फेरबदलमा माहिर मानिएका सबै पुराना राजनीतिक दलका एक-एक कर्तुतहरु जनजनको मनमस्तिष्कमा पसिसकेका छन् ।

अब साँच्चै वर्तमान गठबन्धनको सरकार जो झन्डै दुई तिहाइकै आसपासमा छ, के भ्रष्टाचारीहरुको फाइल खुल्ने र खोलाउने कुरामा पूर्ववर्ती सरकारसँग प्रतिस्पर्धा गर्न सामर्थ्य राख्छ त ? यदि राख्छ भने पूर्ववर्ती सरकारले उठाउन खोजेका फाइललाई निरन्तरता दिने जमर्को गर्दै थप अन्य फाइलहरु पनि खोलेर जनजनलाई प्रमाणसहितको विश्वास दिलाउन सक्छ त ? यदि सके भने उनीहरु आफैँले उद्घोष गरेको 'देशलाई नयाँ शिराबाट सम्बोधन गर्नुपर्छ' भन्ने वाक्यको महत्व रहन्थ्यो भन्ने जनजनको बुझाइ छ । समाचारपत्रबाट

# नेप्से परिसूचक २७ अङ्कले घट्यो



काठमाडौँ । यो सता लगातार उकालो लागेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा बुधबार दोहोरो अङ्कको गिरावट देखिएको छ भने कारोबार रकम उच्च देखिएको छ ।

नेप्से परिसूचक २७ दशमलव ३२ अङ्कले घटेर दुई हजार पाँच सय ३६ दशमलव ११ को विन्दुमा कायम भएको हो । तीन सय ११ कम्पनीको चार करोड सात लाख ४७ हजार दुई सय २६ कित्ता शेयर एक लाख ८८ हजार आठ सय ६५ पटक खरिदबिक्री हुँदा रु १६ अर्ब २० करोड ८५ लाख ७७ हजार तीन सय १४ बराबरको कारोबार भएको छ ।

कारोबारमा वित्त समूह एक दशमलव १६ र होटल तथा पर्यटन समूह शून्य दशमलव १३ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै व्यापार समूहको उपसूचक तीन दशमलव ०९ प्रतिशतले घटेको छ ।

बैंकिङ एक दशमलव २१, विकास बैंक शून्य दशमलव ५६, जलविद्युत् एक दशमलव ५७, लगानी शून्य दशमलव ८३, जीवन बीमा शून्य दशमलव ३१, उत्पादन तथा प्रशोधन एक दशमलव २४ र लघुवित्त एक दशमलव २४ प्रतिशतले घटेको छ । त्यस्तै, म्युचुअल फन्ड शून्य दशमलव ७६, निर्जीवन बिमा शून्य दशमलव १४ र अन्य समूह एक दशमलव ९० प्रतिशतले घटेको छ ।

बोटलर्स नेपाल (तराई) लिमिटेड र एसियन हाईड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने चिर्खुवा हाईड्रोपावर लिमिटेडको शेयर मूल्य सात दशमलव ७९ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु ३६ करोड सात लाख ४६ हजार चार सय ५२ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने अपर तामाकोशी हाइड्रोपावर लिमिटेडको १३ लाख ७६ हजार सात सय ९४ कित्ता शेयर किनबेच भएको छ ।

# बच्चालाई किन ज्वरो आउँछ ?

ज्वरो बच्चाहरुमा सबैभन्दा लगातार देखिने लक्षणहरुमध्ये एक हो र आमाबाबुको चिन्ताको लागि एक सामान्य विषय हो । यसकारण अभिभावकहरु बारम्बार अस्पताल तथा क्लिनिक धाइरहनुपर्ने हुन्छ । नियमित खोपको सुरुवातसँगै गम्भीर संक्रमणको दर घटेको छ, तर ज्वरो प्रयोगशालामा जाँच र अस्पताल भर्ना हुने एक प्रमुख कारण बनिरहन्छ ।



यसबाहेक ज्वरोको लागि नेपालमा क्लिनिक वा अस्पतालमा पारासिटामोल र एन्टिबायोटिक्स जस्ता औषधिहरु बच्चाहरुलाई सबैभन्दा बढी दिइन्छन् । जबकि ज्वरो आएको बच्चाहरु प्रायजसो आफैं निको हुने खालको भाइरल रोग हुन्छ भने केहीमा गम्भीर संक्रमणको जोखिम हुन सक्छ । बच्चाहरुमा हुने ज्वरो र वयस्कहरुमा हुने ज्वरो क्लिनिकल परीक्षणमा धेरै फरक पाइन्छ । श्वास-प्रश्वास, रगतको प्रवाह र बच्चाको हाउभाउको स्तर बिरामको सही मूल्यांकनको लागि महत्वपूर्ण हुन्छ ।

बच्चाहरुमा ज्वरोको सबैभन्दा साधारण कारणहरु आफैं निको हुने भाइरल संक्रमण (सामान्य रुघा, इन्फ्लुएन्जा, पेटको संक्रमण) र जटिल जीवाणु संक्रमण जस्तैः कानको संक्रमण, घाँटी संक्रमण हो । ज्वरोको ढाँचाले अन्तर्निहित कारकतत्वको संकेत गर्न सक्छ । भाइरल संक्रमण सामान्यतया एक हप्तामा निको हुन्छ । जबकि ब्याक्टेरिया संक्रमण एन्टिबायोटिक्सको प्रयोगपछि निको हुन्छ ।

बच्चाहरुको अनुहार रातो हुने, आँखा रसिलो हुने वा शारीरिक कम्पन हुने लक्षण देखिन सक्छ । आमा-बुबाले कि बच्चा धेरै बिरामी वा पहेँलो भएको र खाना खान नमान्ने बताउँछन् । मुटुको धड्कनमा परिवर्तन, श्वास-प्रश्वासको दरमा वृद्धि आदि लक्षण देखिन्छन् । गम्भीर जीवाणुको संक्रमण, नवजात शिशुहरुमा र ज्वरोसँग आउने शिशुहरुमा, ७ प्रतिशतदेखि १३ प्रतिशतमा हुन्छ। एसबीआईको सबैभन्दा सामान्य कारण मूत्रपथ संक्रमण, रगतमा ब्याक्टेरियाको संक्रमण र केहीमा दिमागको संक्रमण (मेनेन्जाइटिस) हो ।

सामान्यतया ज्वरो अभिभावकमा एक चिन्ताको विषय हो तर अन्यथा स्वस्थ बच्चामा आत्म-सीमित रोगको लागि शरीरको तापमान सामान्यमा फिर्ता ल्याउनको लागि मात्र ज्वरोको उपचार जरूरी छैन । ज्वरो सामान्यतया अनुकूल प्रतिक्रिया हो र केवल चयन गरिएका बच्चाहरुमा मात्र उपचार गरिनुपर्छ र ज्वरोको मामलामा प्रत्येक बिरामी बच्चालाई फरक रुपमा हेर्नुपर्छ ।

स्वास्थ्य खबरबाट

# कम्पोष्ट विन प्रयोगविहीन



गोविन्द घर्ती

*देवदह*

देवदह नगरपालिकाले वितरण गरेको कम्पोष्ट विन प्रयोगविहीन बनेको छ। देवदह नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० मा ४५ लाख खर्च गरेर वितरण गरेको कम्वोष्ट विन प्रयोगविहीन बनेको हो।

नगरपालिकाले कुहिने र नकुहिने फोहोर वर्गीकरण गर्ने उद्देश्यका साथ आमनागरिकलाई करिव २४ सय कम्पोष्ट विन वितरण गरेको थियो। नगरपालिकाले घरबाट निस्कने कुहिने फोहोरलाई कम्पोष्ट विनमार्फत् मल बनाउन प्रयोग गर्ने गरी लाखौ रुपैयाँ खर्च गरेर वितरण गरेपनि प्रयोगविहीन बन्न पुगेको छ। नगरपालिकाले नागरिकलाई वितरण गरिएको कम्पोष्ट विन कसैले खेतमा फालेको छ भने कसैले प्रयोग नै नगरी फालेर राखेको अवस्थामा भेटिएको छ। देवदह नगरपालिकाले अगाडि सारेको कुहिने र नकुहिने फोहोरलाई वर्गीकरण गरी कुहिने फोहोरलाई मलमा परिणत गर्ने भनेर लाखौ रुपैयाँ खर्च गरेर कम्पोष्ट विन नागरिकलाई वितरण गरे पनि लगानी खेर गएको छ। देवदह नगरपालिकाले वितरण गरेको कम्पोष्ट विन करिव ४० प्रतिशत मात्र प्रयोगमा आएको नगर प्रवक्ता गणेश डुम्रेले जानकारी दिए। नगरपालिकाले विशेष गरेर बजार क्षेत्रलाई ध्यान दिएर कम्पोष्ट विन वितरण गरे पनि धेरैले प्रयोगमा नल्याएको डुम्रेले बताए।

नगरपालिकाले कम्पोष्ट वितरण गर्ने बेलामा कसरी प्रयोग गर्ने भनेर सिकाए पनि धेरैलाई प्रयोगको बारेमा जानकारी नहुँदा प्रयोगमा आउन नसकेको प्रवक्ता डुम्रेले जनाए।

नगरपालिकाले प्राप्त जग्गा नभएका बजार क्षेत्रका नागरिकलाई वितरण गर्ने गरी लाखौ रुपैयाँ खर्च गरेर कम्पोष्ट विन वितरण गरे पनि प्राप्त मात्रामा जग्गा भएकाहरुले पनि लिएर गएको तर प्रयोगमा नल्याएको उनले बताए। देवदह नगरपालिका वितरण गरेको कम्पोष्ट विन प्रयोग भएको छ कि छैन भनेर अनुगमन गर्न नसक्दा लाखौ रुपैयाँ खर्च खेर गएको डुम्रेले स्वीकार गरे। कम्पोष्ट विनको वारेमा नागरिकमा चेतना नभएका कारणले पनि प्रयोगमा आउन नसकेको उनले जनाए। उनले फोहोर वर्गीकरणको लागि वितरण कम्पोष्ट विनको बारेमा नागरिकले हेलचेक्र्याँइ गरेको बताए। प्रयोग नगरी फालिएर राखिएका कम्पोष्ट विन तत्काल नगरपालिका ल्याएर आवश्यक नागरिकलाई प्रदान गरिने प्रवक्ता डुम्रेले जानकारी दिए। राज्यको लाखौ रुपैयाँ खर्च गरेर वितरण गरेको कम्पोष्ट विन प्रयोगविहीन भए पनि नगरपालिकाले त्यसतर्फ कुनै ध्यान दिएको पाइदैन।

एउटा...

डेढ वर्षमा चार वटा सरकार फेरबदल हुनुले त्यही पुष्टी गर्छ, अनि कहाँबाट कानुन बन्छन् ?'

नेपाली कांग्रेसका प्रमुख सचेतक जन्मजय तिमिल्सेना संविधानले प्रदेशलाई दिएको अधिकार अनुसारका कानुन बन्न नसक्दा प्रदेशप्रति वितृष्णा फैलिएको स्वीकार्छन्। तिमिल्सेनाका अनुसार प्रदेशलाई प्रभावकारी बनाउन सक्ने प्रदेशको एकल अधिकारको सूचीमा रहेको प्रदेश प्रहरी ऐन, वन ऐन संशोधन, उद्योग ऐन, कृषि ऐनलगायत ऐनहरू बन्न बाँकी छ।

प्रदेशको राजस्वको मुख्य स्रोत हुन सक्ने वन ऐन बने पनि फितलो भएकाले थुप्रै विषय संशोधन गरी बलियो र स्पष्ट बनाउन आवश्यक रहेको सांसद तिमिल्सनाले औंल्याए। 'लुम्बिनी प्रदेशले प्रहरी ऐन बनाइसकेको छ, तर संघीय प्रहरी ऐन नबन्दा प्रदेशको प्रहरी ऐन निष्कृय छ। संघीय प्रहरी ऐन बन्दा मात्रै प्रहरी समायोजनको बाटो खुल्छ', तिमिल्सनाले भने-'प्रहरी समायोजन नहुँदा प्रदेशको गृह प्रशासन सम्हालेको आन्तरिक मामिला, सञ्चार तथा कानुन मन्त्रालय प्रभावकारी बन्न सकेको छैन।'

जनता समाजवादी पार्टी नेपालकी सांसद अम्बिका काफ्लेका अनुसार स्थानीय ऐन, उद्योग ऐन, कृषि ऐन, महिला र बालबालिका, शिक्षा र स्वास्थ्यसँग सम्बन्धित ऐनहरू कतिपय बनाउन र कतिपय संशोधन गर्न आवश्यक रहेको छ।

**अघिल्लो प्रदेशसभामा ७२ कानुन**

पहिलो प्रदेशसभाको ५ वर्षे कार्यकालमा ८३ वटा विधेयक प्रदेशसभामा पेश भएकामा ७२ वटा प्रमाणिकरण भएको प्रदेशसभाकी सूचना अधिकारी सम्झना सुवेदीले जानकारी दिइन्। दोस्रो प्रदेशसभाको अहिलेसम्मको अवधिको तुलनामा अघिल्लो कार्यकालमा कानुन निर्माणको संख्या धेरै र सन्तोषजनक रहेको उप-सभामुख मेनुका केसी खाँणको बुझाइ छ। 'दोस्रो कार्यकाल सुरुदेखि अहिलेसम्म सरकार फेरबदलमै केन्द्रित भयो, त्यसको असर कानुन निर्माणमा पर्ने नै भयो।'-उनले भनिन्।

कानुन निर्माणको विषयमा जनताको हितभन्दा दलगत स्वार्थ, जनप्रतिनिधिको सेवा सुविधा बढाउने, फजूल खर्च गर्नेजस्ता विषयका विधेयकमा सत्ता पक्ष र प्रतिपक्ष एकजुट हुने गरेको राष्ट्रिय जनमोर्चाकी सांसद तारा थापा बताउँछिन्। 'प्रदेशसभामा वितरणमुखी बजेट रोक्ने, फजूल र अनुत्पादक खर्च नगर्ने र सुशासन कायम गर्ने जस्ता कानुन बनाउन सांसदहरूको चासो छैन', थापाले भनिन्-'जनप्रतिनिधिको तलब भत्ता बढाउने, आफ्ना कार्यकर्ता पोस्ने गरी कानुन र नीति बनाउने काम मात्रै भएको छ। यस्तो प्रवृत्ति नत्याग्ने हो भने प्रदेशको भविष्य जोखिममा पर्छ।'

संविधानको अनुसूची-६ मा प्रदेश तहका लागि २१ वटा एकल अधिकारको सूची छ। प्रदेशलाई प्रदेश प्रहरी प्रशासन, प्रदेश तथ्याङ्क, रेडियो-टीभी सञ्चालन, स्वास्थ्य सेवा, प्रदेश लोकमार्ग, लोकसेवा, अनुसन्धान ब्यूरो गठनलगायतका क्षेत्राधिकार छन्। संविधानको अनुसूची-७ मा संघ र प्रदेशबीच साझा अधिकारका २५ विषय छन्। वस्तु तथा सेवाको आपूर्ति, फौजदारी तथा देवानी कार्यविधि, शान्ति सुरक्षाको व्यवस्था, सम्पति प्राप्ति, जनसंख्या व्यवस्थापन, पर्यटन, खानेपानी तथा सरसफाइ, वैज्ञानिक अनुसन्धान, भूमि नीति र रोजगारलगायतका विषय संघ र प्रदेशको साझा अधिकारका विषयभित्र पर्छन्।

प्रदेशले एकल अधिकारका कानुन बनाए पनि साझा अधिकार (संघ, प्रदेश र स्थानीय तह मिलेर गर्नुपर्ने) सम्बन्धी कानुन निर्माणमा भने जटिलता देखिएको छ। संघले केही कानुन नबनाइदिँदा प्रदेशमा समस्या भएको सभामुख तुलाराम घर्ती बताउँछन्। प्रदेशहरूमा मुख्य कानुन बने पनि कार्यान्वयनका लागि चाहिने सहायक कानुन बन्न नसकेको सभामुख घर्तीले स्वीकारे।

# विवादित व्यक्तिहरूलाई सार्वजनिक पदमा नियुक्ति नगर्नुः मानव अधिकार

बुटवल। राष्ट्रिय मानव अधिकार आयोगले विवादित व्यक्तिहरूलाई सार्वजनिक पदमा नियुक्ति नगर्न निर्देशन दिएको छ। सरकार, संवैधानिक परिषद् तथा राज्यका विभिन्न जिम्मेवार तहमा फौजदारीलगायत अभियोग लागेका, राज्यको कारबाही तथा छानबिन प्रक्रियामा रहेका विवादित व्यक्तिहरूलाई नियुक्ति सिफारिश र नियुक्ति गर्ने क्रम रहेको देखिएको भन्दै आयोगले यस्तो निर्देशन दिएको हो।

आयोगले विज्ञप्ति निकालेर नैतिक रूपमा विवादित व्यक्तिहरूलाई नियुक्ति तथा नियुक्ति सिफारिश गरेको जानकारी आएको भन्दै ध्यानाकर्षण भएको जनाएको छ। संवैधानिक परिषद्ले यौन शोषणको आरोप लागेका कृष्णमान प्रधानलाई निर्वाचन आयुक्तमा सिफारिश गरेको छ भने आज मात्रै लुम्बिनीमा ज्यान मार्ने अभियोग लागेका नेपाली कांग्रेसका नेता बादशाह कुर्मी मन्त्री बनेका छन्।आयोगले राज्यका निकायमा नियुक्त हुने व्यक्तिहरू सामाजिक रूपमा स्वच्छ छवि भएको, विवादरहित उच्च नैतिक चरित्र भएको र कानुनी रूपमा फौजदारी अभियोगमा सजाय नभएको हुनुपर्छ भन्ने लोकतन्त्रको आधारभूत मान्यता रहेको बताएको छ।यसैबीच निर्वाचन आयोगको आयुक्तका लागि सिफारिश भएका कृष्णमान प्रधानको संसदीय सुनुवाइ सकिएको छ। प्रश्नोत्तरका क्रममा सांसदहरूले यौन शोषणको आरोप लागेकाले प्रधानमा उच्च नैतिक चरित्र नदेखिएको बताएका छन्। अब अर्को बैठक बसेर नियुक्त गर्ने/नगर्ने निर्णय हुने समितिका सभापति पशुपतिशम्शेर राणाले जानकारी दिए।


## बुटवल सुनचाँदी व्यवसायी संघ

बुटवल, रुपन्देही

मितिः २०८१/०४/०९ को

**सुनचाँदीको बजारभाउ**

छापा सुन प्रति तोला : १,४७,९००

तेजावी सुन प्रति तोला : १,४७,२००

चांदी प्रति तोला :१,८३०


## बर्दघाट नगरपालिका

**नगरकार्यपालिकाको कार्यालय**

**चिसापानी अस्पताल**

**बर्दघाट -०२, नवलपरासी (ब.सु.प)**

**लुम्बिनी प्रदेश, नेपाल**

### चमेना गृह (क्यान्टिन) सञ्चालन सम्बन्धी सूचना।

प्रथम पटक प्रकाशित मिति २०८१/०४/०७

चिसापानी अस्पताल परिसर भित्र रहेको चमेना गृह (क्यान्टिन) सञ्चालन गर्न ईच्छुक नेपाली नागरिक तथा व्यवसायिक फर्महरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा रु १,०००/- (अक्षेरुपी एक हजार मात्र) दस्तुर तिरी क्यान्टिन सञ्चालन सम्बन्धी प्रस्ताव फाराम खरिद गरी संलग्न खाना / खाजाको परिकार र इकाई अनुसार को वस्तुको तोकिएको दररेट भन्दा नबढ्ने गरी के कति दररेटमा उपलब्ध गराउन सकिन्छ दररेट सहितको सिलवन्दी दरभाउको प्रस्ताव १६ औं दिनको १२ बजे भित्र अस्पतालको प्रशासन शाखामा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**डा.मञ्जिला घिमिरे**

**नि.मेडिकल सुपरिटेन्डेण्ट**

## रेसुङ्गा नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**तम्घास, गुल्मी, लुम्बिनी, प्रदेश**

### ठेक्कासम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०८१/०४/१० गते)

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ को दफा ६१ र ६४ (१) (ग) तथा रेसुङ्गा नगरपालिकाको आर्थिक ऐन २०८१ को अनुसुची ८ मा व्यवस्था भए बमोजिम तपसिलका कामहरू न्यूनतम ठेक्का अंकमा नघट्ने गरी आ.व.२०८१/०८२ का लागि ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक दर्तावाला कम्पनी/फर्महरूले आफूले लिन चाहेको ठेक्काको दरभाउपत्र निम्न शर्तको अधिनमा रही प्रत्येक कामको छुट्टाछुट्टै रुपमा दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। साथै यो सूचना यस नगरपालिकाको वेबसाइट धधध।चभकगलनबकगल।नयख।लउ मा समेत हेर्न सकिने छ।

| S.N. | Contract ID | Discription | Minimum Amount (Without VAT) | Bid Fee | Bidbond Amount |
|---|---|---|---|---|---|
| 1 | ORM-NCB-GUL-REV-01-081/82 | Collection of Revenue for Kawadi Samaan, Khali Shisi, Bottle Etc.in Resunga Municipality | 884955.76 | 3000.00 | 50000.00 |
| 2 | ORM-NCB-GUL-REV-02-081/82 | Collection of Advertisement Tax in Resunga Municipality (Hoarding Board, advertisement Material etc.) | 265486.73 | 3000.00 | 15000.00 |
| 3 | ORM-NCB-GUL-REV-03-081/82 | Internal Revenue Collection and Sales of river based materials (Stone, Sand, Gravel, Aggregate) of Indregau-da Area in Resunga Municipality-14, Gulmi | 442477.88 | 3000.00 | 25000.00 |

**शर्तहरूः-**

१. ठेक्कामा सहभागी हुन चाहने फर्म वा कम्पनीले प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp बाट प्रक्रिया पुऱ्याई E-bidding गर्न सकिनेछ र बोलपत्र दाताहरुले बोलपत्र फाराम दस्तुर रु. ३०००।- (तीन हजार) फिर्ता नहुने गरी नगरपालिकाको राष्ट्रिय वाणिज्य बैंक, तम्घास, गुल्मीमा रहेको Resunga Na. Pa. (GA-1-1) Aantarik Rajaswa Account no.: 3010100301010002 मा जम्मा गरी बैंक भौचर समेत स्क्यान गरी अपलोड गर्नुपर्ने छ।

२. खरिद गरिएका बोलपत्र फारामहरु स्पष्टरुपमा अंक र अक्षरमा भरी प्रत्येक पानामा सही छाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३१ औं दिनको १२.०० भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp मा प्रक्रिया पुऱ्याई अपलोड गर्न सकिनेछ। दर्ता भएका बोलपत्रहरु सोही दिनको २.०० बजे दरखास्तदाता वा निजको प्रतिनिधिको उपस्थितिमा खोलिने छ। तर दरखास्तदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएका कारणले दरखास्त खोल्न बाधा पर्ने छैन।

३. दरखास्त साथ तोकीएको विडबण्ड वापतको रकम रा.वा. बैंक गुल्मीको Resunga Na. Pa. (Ga-3) Dharauti Account no.: 3010100303000002 मा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त बैकबाट यस कार्यालयको नाममा जारी गरिएको बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मितिबाट १२० दिन म्याद भएको जमानीपत्र (Bidbond) बोलपत्र साथ पेश गर्नुपर्ने छ। साथै बोलपत्र स्वीकृत भएको निर्धारित समय भित्र सम्झौता गर्न नआएमा विडबण्ड वापतको रकम जफत गरि आवश्यक कारवाहीको प्रकृया अगाडी बढाइनेछ।

४.बोलपत्र स्वीकृत भएपछि कबोल ठेक्का अंकको ३० प्रतिशतले हुने रकम कार्यालयले तोकेको खातामा जम्मा गरेको सक्कलै भौचर र ठेक्का अंकको बुझाउन बाँकी ७० प्रतिशतले हुन आउने रकमको ठेक्का सम्झौता मितिले १३ महिना म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको जमानतपत्रको सक्कल प्रति सम्झौताको बखत पेश गर्नुपर्ने छ। धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमअनुसार कागजात पेश गरिसकेपछि प्रचलित नियम बमोजिम फिर्ता गरिनेछ।

५. स्वीकृत रकम शुरुमै एकमुष्ठ बुझाएमा कबोल रकमको १० प्रतिशत छुट हुनेछ।

६.दर्तावाला कम्पनी/फर्मले फर्म दर्ता/नवीकरण प्रतिलिपि, मुल्य अभिवृद्धि कर दर्ताको प्रतिलिपि र आ.व. २०७९।०८० सम्मको करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।

७. ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ र रीत नपुगी वा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कार्वाही हुने छैन।

८. यो ठेक्काको सम्झौता मिति सम्झौता पत्रमा उल्लेख भए अनुसार रहनेछ र ठेक्का स्वीकृत भै कार्य सञ्चालन भैसकेपछि सम्झौता अनुसारको काम नगरेमा नगरपालिकाले ठेक्का खारेज गर्न सक्नेछ।

९. यसमा नपरेका अन्य कुराहरु प्रचलित ऐन, नियम अनुसार हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

## श्री अविरल बचत तथा ऋण सहकारी संस्था लि.

**सिद्धार्थनगर न.पा.-७, भुकुटी पथ, भैरहवा, रुपन्देही**

### कर्जा चुक्ता गर्ने सम्बधी ३५ दिने अत्यन्त जरुरी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/०४/१० गते

यस संस्थाबाट कर्जा लिएका तपशिलमा उल्लेखित ऋणी सदस्यले तपशिलमा उल्लेखित अचल सम्पत्ति धितो राखी लिएको ऋण कर्जाको यस संस्थासँग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएकाले संस्थाले तपशिलका ऋणी र व्यक्तिगत जमानतकर्ता समेतलाई सम्पूर्ण लेना रकम चुक्ता भुक्तान गर्न पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तारताकेदा गर्दा पनि नतिरेको/नबुझाएको हुनाले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा आई आफुले तिर्नु बुझाउनु पर्ने ऋणको साँवा ब्याज र अन्य दै-दस्तुर समेत दिईएका म्याद भित्र चुक्ता गर्नुहोला। अन्यथा ऋण असुलीको सिलसिलामा सहकारी ऐन २०७४,सहकारी नियमावली २०७५, सहकारी मापदण्ड २०६८ र संस्थाको विनियम अनुसार धितोमा रहेको घर/जग्गा लिलाम विक्रिको कार्य गरिने छ। ऋण लिंदाको समयमा संस्थालाई दिएको धितोबाट ऋण असुल नभएमा ऋणी र व्यक्तिगत जमानी बस्नेको नाम यस संस्थाको कालो सूची (Black List) मा राख्ने लगायतका अन्य थप कारवाही गरी संस्थाको लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितोको मञ्जुरीनामावाला तथा व्यक्तिगत जमानत बस्ने लगायत सम्बन्धीत सबैमा जानकारीका निमित्त यो सूचना प्रकाशन गरिएको छ। यसरी लिलाम गर्दा ऋण असुल नभएमा अपुग रकम ऋणी सदस्य, व्यक्तिगत जमानी बस्ने र एकाघर सगोलका व्यक्तिहरुबाट प्रचलित कानून अनुसार असुल उपर गरिनेछ।

**तपसिल**

| क्र.स. | ऋणिको तीनपुस्ते विवरण | धनमानीको तिनपुस्ते विवरण | ऋणीको फाटो | धितोको विवरण |
|---|---|---|---|---|
| १ | नामः मिस्री लाल धोवी<br>ना.प्र.प.नं.: २३२५,रुपन्देही<br>बाजेको नाम : घिसियावन<br>बाबुको नाम : श्याम लाल धोवी<br>ठेगानः सिद्धार्थनगर न.पा.७ रुपन्देही | नामः बिमला धोवी<br>श्रीमानको नाम : मिस्री लाल धोवी<br>बाजेको नाम श्याम लाल धोवी :<br>ठेगाना :सिद्धार्थनगर न.पा.७ रुपन्देही। |  | ऋणीको नाममा मालपोत कार्यालय भैरहवा रुपन्देहीमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला सिद्धार्थनगर वडा नं.१३क स्थित कि. न. २२५ को क्षेत्रफल ७४वर्ग मि.भएको जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगायत समेत। साथै संस्थागत शेयर र बचत रकम। |
| २ | नामः गोकर्ण बहादुर सुनार<br>ना.प्र.प.नं. :२५५७७,रुपन्देही<br>बाबुको नाम :गोमे सुनार<br>बाजेको नाम :सुक बहादुर<br>ठेगानः मायादेवी गा.पा.८ रुपन्देही | नामः निरु सुनार<br>ना.प्र.प.नं. :३२५५,रुपन्देही<br>श्रीमानको नाम : गोकर्ण बहादुर सुनार<br>ससुराको नाम : गोमे सुनार<br>ठेगानाः मायादेवी गा.पा.८ रुपन्देही |  | ऋणीको नाममा मालपोत कार्यालय भैरहवा रुपन्देहीमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला चिल्हीया वडा नं.६ स्थित कि.न.५८१ को क्षेत्रफल १३५४.३३ वर्ग मि.भएको जग्गा/घर तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगायत समेत। |
| ३ | नामः तृष्णा के.सी.<br>ना.प्र.प.नं.:३७१०२३/२/३३८६८,रुपन्देही<br>ससुराको नाम :चित्र बहादुर वली<br>पतिको नाम :सुजन वली<br>ठेगानः सिद्धार्थनगर न.पा.९ रुपेन्ही | नामः शिव बहादुर के.सी.<br>बाबुको नाम : भद्र बहादुर क्षेत्री<br>बाजेको नाम : मनिराम क्षेत्री<br>ठेगाना :सिद्धार्थनगर न.पा.८ रुपेन्ही। |  | ऋणीको नाममा मालपोत कार्यालय भैरहवा रुपन्देहीमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला सिद्धार्थनगर वडा नं.२क स्थित कि. न. २१६९ को क्षेत्रफल २०३।१८वर्ग मि.भएको जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगायत समेत। |
| ४ | नामः ओसिउल्लाह मुसलमान<br>ना.प्र.प.नं.:६८९४३ कपिलबस्तु<br>बाबुको नाम : इनातुल्ला मु.<br>बाजेको नाम : अलिजान<br>ठेगानः सिद्धार्थनगर न.पा.६ रुपेन्ही | नामः आमिना खातुन<br>पतिको नामः ओसिउल्लाह मुसलमान<br>ससुराको नाम : अलिजान<br>ठेगाना : सिद्धार्थनगर न.पा.६ रुपन्देही |  | ऋणीको नाममा मालपोत कार्यालय भैरहवा रुपन्देहीमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं.६ स्थित कि.न.४९ को क्षेत्रफल ६६।०७ वर्ग मि. भएको जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगायत समेत। |


## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्क:

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्को बेला पनि सेवा दिइने छ।

सम्पर्क:

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुखखानगर, रूपन्देही,

फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

र.जि.हु.द.न.१३/०६३/०६४ २०८१ साउन १०, गते बिहीबार Thursday July 25, 2024 न.प.जि.प्र.का.द.न.४/०४५/०४६
दैनिक लुम्बिनी

# लुम्बिनी केबलकारमा सोमबार बिहान टिकट आधा सस्तो



बुटवल । लुम्बिनी केबलकारले साउन १४ देखि भदौ मसान्तसम्म सोमबारका दिनहरुमा टिकटदर आधा सस्तो हुने गरी 'मर्निङ अफर' ल्याएको छ ।

गत वर्ष यो अफर अत्यधिक सफल भएको थियो । पर्यटकहरुको मागअनुसार यो वर्ष पनि अफर ल्याएको कम्पनीले जनाएको छ। केबलकारको साधारण टिकटदर एक हजार रुपैयाँ छ । यो अफरअनुसार पर्यटक र भक्तजनहरुले केबलकारको दुईतर्फी यात्राका लागि ५ सय रुपैयाँ मात्र तिरे पुग्ने भएको छ।

साउन १४ गतेदेखि भदौ मसान्तसम्मका ८ वटा सोमबारका दिन बिहान साढे ८ बजेदेखि १२ बजेसम्म टिकट खरिदमा साधारण टिकटदरमा ५० प्रतिशत छुटसहित मर्निङ अफर ल्याइएको केबलकारका अपरेसन म्यानेजर डीएन कायस्थ सैंजूले जानकारी दिए।

केबलकारको साधारण टिकट दर एक हजार रुपैयाँ छ । यो अफरअनुसार पर्यटक र भक्तजनहरुले केबलकारको दुईतर्फी यात्राका लागि ५ सय रुपैयाँ मात्र तिर्नुपर्ने छ।

'बिहान साढे ८ बजेदेखि १२ बजेसम्म टिकट खरिद गर्दा मात्र छुट अफर लागू हुन्छ, तर टिकट लिएकाहरु १२ बजेदेखि साँझसम्म आफू अनुकूल समयमा केबलकार चढ्न पाउँछन् ।'-अपरेसन म्यानेजर कायस्थले भने । सो बाहेक अन्य समयमा भने पुरानै टिकटदर कायम गरिएको छ । यो अफरले आम सर्वसाधारणलाई सस्तो शुल्कमा केबलकार यात्रा तथा प्रख्यात शक्तिपीठ कामाख्या मन्दिर र य वर्षदेखि पूजाआजा हुँदै आएको दुर्गा माता मन्दिरदर्शन तथा साउनभर जलार्पण गर्ने अवसर मिल्ने कम्पनीले जनाएको छ।

साउन महिनामा बसन्तपुरको टप स्टेशनमा महादेव शिवको वाहन नन्दी समेत रहेकाले जलार्पण गर्ने व्यवस्थासमेत रहेको कम्पनीले जनाएको छ। मर्निङ अफर भारतीय पर्यटकमा पनि लागू हुने र उनीहरुले ५ सय रुपैयाँ भारुमा टिकट खरिद गर्न सक्ने केबलकारका म्याजेजर प्रज्ज्वल घिमिरेले जानकारी दिए।

लुम्बिनी प्रदेशकै पहिलो यो केबलकार गत वर्ष जेठ १५ गतेबाट सञ्चालनमा रहेको छ । केबलकारको टप स्टेशनमा बनेको कामाख्या देवीको मन्दिर र सय वर्षदेखि पूजाआजा हुँदै आएको दुर्गामाता मन्दिर हिन्दू धर्मावलम्बीहरुका लागि विशिष्ट आकर्षण बनेको छ।

मन्दिरको दर्शन गर्न भारतको उत्तर प्रदेशका विभिन्न शहरबाट समेत उल्लेख्य मात्रामा पर्यटकहरु आउने संख्या बढ्दो क्रममा रहेको म्याजेजर घिमिरेले बताए।

टप स्टेशनमा जीपलाइन, स्काइ साइक्लिङ, आधुनिक पिङ, बाल उद्यान, वरपिपल चौपारी, पोखरीलगायतका धार्मिक संरचनाहरु रहेका छन्।

केबलकारले प्रत्येक टिकट शुल्कको २ प्रतिशत रकम सेवा शुल्कवापत बुटवल उप-महानगरपालिका र तिनाउ गाउँपालिकालाई दिँदै आएको छ।

लुम्बिनी केबलकार सञ्चालनमा आएपछि बुटवलमा भारतीय र आन्तरिक पर्यटकको आगमन केही मात्रामा बढेकाले बजार थप गुल्जार र व्यवसाय चलायमान भएको बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्याल बताउँछन्।

# ठूलो परिमाणको लागुऔषधसहित एक जना पक्राउ



**गौरीशंकर जयसवाल**
*परासी*

पश्चिम नवलपरासीमा प्रहरीले लागुऔषधसहित एक जना नियन्त्रणमा लिएको छ। रामग्राम नगरपालिकाको वडा नं. ९ मधवलियाबाट लागुऔषधसहित एक जनालाई प्रहरीले नियन्त्रणमा लिएको हो ।

पक्राउ पर्नेमा रामग्राम न.पा. वडा नं. ९ मधवलियाका ३० वर्षीय आजाद पाठकलाई लागुऔषधसहित नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय नवलपरासीका प्रहरी नायव उपरीक्षक एवम् सूचना अधिकारी रेशम बोहराले जानकारी दिए।

उनको अनुसार पक्राउ गरिएको पाठकको घरमा ठूलो परिमाणमा लागुऔषध लुकाइ छिपाइ राखी बिक्रीवितरण गरिरहेको भन्ने गोप्य सूचनाको आधारमा उनलाई पक्राउ गरिएको हो । पाठकको घर खानतलासी गर्दा निजको २ वटा कोठा र भान्सा घरबाट लागुऔषध फेला परेको प्रहरीले जनाएको छ । पाठक घरबाट बुप्रिनोर्फिन ७२ एम्पुल, फेनारगन ७८ एम्पुल, डाइजेपाम ७७ एम्पुल, अनरेक्स १००बोतल, ६ पिस नाइट्रभेट, १०५ पिस प्रोसिको इस्पास क्याप्सुल, ५१० पिस एसपिएम, पिआरएक्सटि ७५ पिस, एनसेलको सिम थान १सहितको **INFINIX** लेखेको स्क्रिन टच मोबाइल बरामद गरिएको प्रहरी नायव उपरीक्षक बोहराले जानकारी दिए।

लागुऔषधसम्बन्धी कसुर शीर्षकमा मुद्दा दर्ता भइ सम्मानित जिल्ला अदालत परासीबाट पाँच दिनको म्याद थप भइ अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

पक्राउ परेका आजाद पाठक २०७६/०९/२६ गते लागुऔषधसम्बन्धी कसुर मुद्दामा पक्राउ परि जिल्ला अदालत परासीको फैसला बमोजिम ३ वर्ष कैद भुक्तान गरी २०७९/०९/२६ गते कारागारबाट छुटेका थिए।

लागुऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ अनुसार उल्लेखित कसुर गर्ने कसुरदारलाई दुई वर्षदेखि दश वर्षसम्म कैद र एक लाख रुपैयाँदेखि बीस लाख रुपैयाँसम्म जरिवाना हुनेछ।

# बुटवल ८ ले थाल्यो सडक बिस्तार



बुटवल । बुटवल उप-महानगरपालिका वडन नम्बर ८ ले आफ्नो वडाभित्रको मुख्य सडक बिस्तारको कामलाई तीव्रता दिएको छ।

सडक बिस्तारअन्तरगत मिलनचोकबाट पूर्वतर्फ जाने हेवि इक्युपमेन्ट क्षेत्रको सडक बिस्तार सकिएसँगै त्यसभन्दा अगाडिको सडक बिस्तारको काम अगाडि बढाएको हो ।

जसको शुभारम्भ बुधबार रोड मार्किङ गर्दै सडक नाप्ने अभियान शुभारम्भ गरिएको हो । वडाध्यक्ष यज्ञप्रसाद पंगेनीले वडाको मुख्य सडकमा पर्ने यस क्षेत्रमा दुर्घटना बढेपछि सडकको चौडाइ बढाउनुका साथै सडकपेटी निर्माण गर्न थालिएको बताए। २०५६ सालको मापदण्डअनुसार ४१ फिट बाटो कायम हुने गरी नाली, सडकपेटी र सडक निर्माण गर्नेगरी सडक बिस्तारको लागि काम थालिएको वडाध्यक्ष पंगेनीले जनाए।

उनले दुर्घटनाबाट वडावासीलाई बचाउनुका साथै सडक राम्रो बन्दा यहाँका व्यवसायीहरुको व्यापार बढ्ने तथा बहालमा जाने संभावना हुने भएकोले यो काम शुभारम्भ गरेको बताए । यो वर्ष सुन्दरचोकसम्म बिस्तार हुने सडक निर्माणको लागि प्रदेश सरकारको तर्फबाट ५० लाख बजेट साथै संविधानसभा सदस्य बामदेव क्षेत्रीको तर्फबाट २० लाख रुपैयाँ सहयोग प्राप्त भएको उनले जानकारी दिए । अर्को वर्ष सुन्दरचोकबाट भित्री बाटोसम्म पुऱ्याउने योजना रहेको उनले बताए । प्रदेश सरकारले टण्डर आह्वान गर्दै काम सुरु हुने उनले स्पष्ट पारे।

वडा नम्बर ८ का जनप्रतिनिधि, बुटवल उप-महानगरपालिकाका नक्सा शाखाका त्रिदेव बुढाथोकीको टिम तथा नगरप्रहरीसहित टोल समितिको सहभागितामा मार्किङ कार्य शुभारम्भ गरिएको उनले जानकारी दिए।

HYDRABADI
DUM BIRYANI
Quality Lasi Center




HALAL
9809529708, 9826426071
Butwal-6, Nepalgunj Road
www.hydrabadimatkadumbiryani.com

जनसंख्यालाई शक्ति र साधनको रुपमा उपभोग गरौं
-जनसंख्याको असमान वितरणलाई रोकौं,
-आप्रासीका समस्या समाधान गरौं,
-लैंङ्गिक समानता कायम गरौं,
-सिमान्तकृत र लोपोन्मुख अवस्थामा रहेका जनसंख्याको संरक्षण गरौं,
-व्यवस्थित बसोबास गरौं,
-अव्यवस्थित बसोबासबाट पर्यावरणमा पर्ने प्रभाव न्यूनीकरण गरौं ।
-बस्ती विकासलाई व्यवस्थित गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधैं हामीलाई सम्झनुहोस्
सम्पर्कः
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
गगन सेनेटरी ९८६७०२१६१४, ९८१५४४७६४८
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
गगन सेनेटरी (२) ९८०४४१३२८७, ९८१२९८६३१७
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

नेपाल सरकारद्वारा मान्यता प्राप्त पश्चिम नेपालकै पहिलो बहु विशेषज्ञ दन्त अस्पताल
आले डेण्टल हस्पिटल प्रा. लि.
श्रवणपथ, बुटवल-६, रूपन्देही, नेपाल (भुड्कीचोक देखि ५० मिटर पूर्व)
071-530108, 532544 dentalhospitalale@gmail.com www.aledentalhospital.com
दाँत, मुख तथा गिजा उपचार केन्द्र




"Healthy Smile, Happy Life" Our Location "स्वस्थ मुस्कान, खुशी जीवन"

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com